# नेपाली भाषा पाठ्यपुस्तकमा विषयवस्तुको समावेशिता
# Content Inclusiveness in Nepali Language Textbook

लक्ष्मी आचार्य[1]

[1]उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
यज्ञोदय दुधनाथ थारु
बहुमुखी क्याम्पस
रूपन्देही, नेपाल
**Email:**
laxmiacharya11@gmail.com

प्रकाशन : २०८१ जेठ
Publish: 2024 May
Doi:
https://doi.org/10.3126/bns.v27i1.66455

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2024 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

**लेखसार**

भाषा पाठ्यपुस्तक भाषिक सिप सिकाइको आधारभूत सामग्री हो। विद्यार्थीहरूमा भाषिक सिप विकासका लागि पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तुमा विधागत विविधताको साथै समावेशिता आवश्यक ठानिन्छ। विषयवस्तुप्रति धारणा निर्माण गर्न पाठयपुस्तक महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको हुन्छ। पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुको समावेशिताको अध्ययन गर्नु यस लेखको उद्देश्य रहेको छ। यो लेख गुणात्मक ढाँचामा व्याख्यात्मक विधिमा आधारित छ। कक्षा नौको भाषा पाठ्यपुस्तक नेपाली (२०७९) लाई प्राथमिक स्रोत बनाइएको छ। पुस्तकालयीय अध्ययन प्रक्रियाबाट सामग्री सङ्कलन गरी तयार पारिएको यस अध्ययनमा उक्त पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुलाई पाठ्यक्रम अनुरूपता तथा समावेशिताका आधारमा अध्ययन विश्लेषण गरिएको छ। समग्र पाठ्यपुस्तकले पाठ्यक्रम अनुरूपतालाई मूल आधार मानेको देखिन्छ। पाठ्यपुस्तकमा पाठ्यवस्तुको वितरण भाषिक सिप केन्द्रित देखिन्छ। व्यावहारिक सिप वा व्यवहार कौशल विकासमा विषयवस्तुलाई उपयोग गर्न सकिने किसिमका समसामयिक, अद्यावधिक देखिन्छन्। अध्ययनीय पाठ्यपुस्तकमा भाषागत, जातिगत, लिङ्गगत, फरक क्षमताका सिकारुलाई सम्बोधन हुने गरी पाठ्यसामग्रीको व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ । विषयवस्तुलाई पाठ्यक्रम अनुरूपताका आधारमा विकास गर्न खोजिए पनि समयानुकूल समावेशिताको अवधारणालाई पाठ्यपुस्तकले पूर्णतः आत्मसात् गर्न सकेको छैन। पाठ्यपुस्तकले विधागत विविधतालाई समेट्दै सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्यता सिर्जना गर्न समसामयिक जीवन अनुभवबाट पाठहरू राख्नुपर्ने देखिन्छ। शोध्य पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुहरू भाषागत, जातिगत विविधताका पाठहरूलाई समावेश गर्न आवश्यक देखिन्छ। नेपालको भाषिक, धार्मिक, सांस्कृतिक विविधतालाई समावेशिताको आधारमा उपस्थित गराउन सकेमा प्रभावकारी हुने देखिन्छ।

***शब्दकुञ्जी*** : पाठ्यसामग्री, विषयवस्तुमा अद्यावधिकता, समावेशिता, स्रोतगत विविधता

**How to cite this article (APA)**

**English :** Acharya, L. (2024). Content Inclusiveness in Nepali Language Textbook. *Bikashko Nimti Shiksha. 27*(1), 103-116. https://doi.org/10.3126/bns.v27i1.66455

**नेपाली :** आचार्य, लक्ष्मी (२०८१), नेपाली भाषा पाठ्यपुस्तकमा विषयवस्तुको समावेशिता, *विकासको निम्ति शिक्षा, २७*(१), १०३-११६। https://doi.org/10.3126/bns.v27i1.66455

**Abstract**

Language textbooks are the basic materials of language skill learning. For the development of language skills in the students, it is considered necessary to include the diversity and inclusive in the subject matters used in the textbook. Textbooks are important material for creating an opinion about the subject matter. The purpose of this article is to study the inclusion of the contents included in the textbook. This article is based on explanatory methods in a qualitative design. The language textbook, Nepali (2079) of class 9 has been made the primary source. In this study, the materials collected from library study, the contents of the textbook have been analysed on the basis of curriculum conformity and inclusion. The entire textbook seems to have considered curriculum conformity as the main basis. In textbooks, the distribution of the contents seems to have centered on language skills. The contents used in the textbook for development of practical skills or behavioral skills appears to be contemporary and updated. In the textbooks of study, emphasis should be laid on the management of textbooks that address the learners of linguistic, racial, gender and different abilities. Although the content has been tried to be developed on the basis of curriculum conformity, the textbook has not been able to fully assimilate the concept of inclusiveness in accordance with time. Textbooks need to incorporate disciplinary diversity and draw lessons from contemporary life experiences to create a close relation between learning and student living experiences. The contents of the research textbooks need to be included in linguistic and ethnic diversity lessons. It would be effective if Nepal's linguistic, religious and cultural diversity could be presented on the basis of inclusivness.

***Keyword:*** *Textual content, Updated material, Inclusiveness, Source diversity*

## परिचय

भाषा पाठ्यक्रमको प्रमुख उद्देश्य विद्यार्थीहरूमा भाषिक सिप र ज्ञानको अभिवृद्धि गराउनु हो । सिकारुमा रहेका भाषिक क्षमतालाई परिष्कृत र सुसंस्कृत तुल्याउन पाठ्यक्रमले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसका लागि विषयवस्तुका रूपमा शिक्षक र विद्यार्थीको अध्ययन अध्यापन कार्यमा उपयोग गरिने आधार तथा मूल सामग्री पाठ्यपुस्तकलाई लिइन्छ । पाठ्यपुस्तकहरू सम्बन्धित विषयका पाठ्यक्रम अनुरूप निर्माण गरिन्छन् । पाठ्यक्रमका अपेक्षा अनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकतालाई ध्यानमा राख्दै विषयवस्तुलाई सङ्गठित गरिएको हुन्छ । यस्ता पाठ्यपुस्तकहरू विद्यार्थीहरूको मानसिक, सांवेगिक, बौद्धिक पक्षका साथै रुचि, आवश्यकता र सिकाइ प्रवृत्तिलाई समेत निर्माण गरिएको हुन्छ । भाषा पाठ्यक्रमले अपेक्षा गरेका भाषिक सिपहरूको प्राप्तिका लागि पाठ्यक्रमको दायराभित्र रही भाषाशिक्षण गर्न सहयोग पुऱ्याउने भाषा शिक्षणको आधिकारिक स्रोतसामग्री भाषा पाठ्यपुस्तक हो । भाषा पाठ्यक्रमका अपेक्षा पूर्ति गर्न पाठ्यपुस्तक निर्माण गरिने हुनाले पाठ्यपुस्तकहरू आधारभूत सामग्रीको रूपमा रहेका हुन्छन् ।

विभेदरहित वातावरणमा बहुसांस्कृतिक भिन्नतालाई सम्मान गर्दै, सम्पूर्ण बालबालिकाका लागि आफ्नै समुदायमा जीवनपयोगी शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धति नै समावेशी शिक्षा हो । "समावेशी शिक्षाको प्रमुख्य उद्देश्य भनेकै विभिन्न कारणले शिक्षाको अवसरबाट वञ्चित बालबालिकालाई शिक्षा प्रणालीको मूल धारमा समावेश गर्नु हो" (विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६) । समाजमा बसोबास गर्ने विविध आवश्यकता तथा मानसिकता, दक्षता,

फरक क्षमता, भाषिक कठिनाइपूर्ण जीवनयापन गर्न बाध्य बालबालिकाहरूका लागि ससम्मान शिक्षाको मूलधारमा समाहित गर्नुलाई समावेशी शिक्षाको मूलमर्म ठानिएको छ । पाठ्यक्रम विकास परिमार्जन तथा अद्यावधिक गर्ने क्रममा पाठ्यक्रमलाई सान्दर्भिक र समावेशी बनाउनका लागि पाठ्यक्रम प्रारूप २०७६ तयार गरी नेपाल सरकारबाट स्वीकृत गरिएको छ । शिक्षाको राष्ट्रिय उद्देश्यमा "प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने" रहेको छ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८) । माध्यमिक शिक्षाले स्वावलम्बी देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान दिन सक्षम नागरिक उत्पादनको ध्येय राखी पाठ्यक्रम तयार पारेको छ । सोही पाठ्यक्रमका लक्ष्य प्राप्तिका लागि पाठ्यपुस्तक तयार गरिएको कक्षा नौको *नेपाली पाठ्यपुस्तक* (२०७९) को 'हाम्रो भनाइ' मा उल्लेख गरिएको छ । विषयवस्तु भाषा पाठ्यपुस्तकको केन्द्रीय पक्ष हो । पाठयपुस्तकको मेरुदण्डका रूपमा रहेको विषयवस्तुकै माध्यमबाट पाठ्यक्रमका अपेक्षा पूरा गर्न मद्दत पुग्ने हुनाले पाठ्यपुस्तकमा विषयवस्तुको महत्त्वपूर्ण भूमिका रहन्छ । विषयवस्तुले इतिहास, पुराण, धर्मसंस्कृति, विज्ञान प्रविधिलाई समेट्नुका साथै परिवर्तित समयमा विश्वमा देखिएका शिक्षाका नवीनतम आयामहरूलाई समेत वहन गर्न सक्ने हुनुपर्छ । *नेपालको संविधान २०७२* को भाग ४ धारा ५१.२ राज्यका नीतिमा विभिन्न जात जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबिच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी सङ्घीय एकाइबिच परस्परमा सहयोग सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने भन्ने नीति लिएको छ । संविधानप्रदत्त यी कार्यलाई सम्पादन गर्नका लागि राज्यको वैज्ञानिक दृष्टिकोण सहितको समावेशी शिक्षाको आवश्यकता देखिन्छ । समावेशी शिक्षाका लागि राज्यले निर्माण गर्ने नीति, कार्यनीति, शिक्षानीति र त्यसबाट निर्देशित भई निर्माण गरिएका पाठ्यक्रम र विकसित पाठ्यपुस्तकका माध्यमबाट समावेशितालाई व्यापक बनाउनु जरुरी देखिन्छ । त्यसैले पाठ्यपुस्तकमा समाविष्ट विधागत पाठ्यसामग्रीका माध्यमबाट सामाजिक र जातीय सद्भाव, समावेशिता, विशेष क्षमता तथा फरक क्षमता भएका विद्यार्थीहरूमा समावेशी अवधारणा पुऱ्याउनु आवश्यक देखिन्छ ।

पाठ्यपुस्तकका माध्यमबाट प्रेषित सामग्रीबाट विद्यार्थीहरूमा भाषिक धारणासँगै लिङ्ग, जाति, धर्म संस्कृति, वर्गगत धारणाहरू निर्माण भइरहेका हुन्छन् । समानताका लागि परिवर्तन र विकासका लागि महत्त्वपूर्ण नीति निर्माण भइरहेको अवस्थामा वर्तमान अवस्थामा पाठ्यपुस्तकले त्यस्ता समावेशी अवधारणालाई आत्मसात गर्नुपर्ने देखिन्छ । राष्ट्रिय दलित आयोग, २०६१ का अनुसार औपचारिक शिक्षामा सामुदायिक सन्तुलनको आवश्यकता रहेकाले जातीय समानतासम्बन्धी विषयवस्तुहरूलाई विभिन्न विधामा समावेश गरी माध्यमिक तहमा भाषा शिक्षण गर्दा ती पाठ्यसामग्री र तिनका रचनाकारहरूलाई प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गरिएको छ । नेपाल देश बहुसांस्कृतिक, बहुभाषिक, बहुजातीय मुलुक भएकाले देशका सम्पूर्ण भाषिक, जातिगत, धार्मिक, भौगोलिक विविधतालाई समुचित रूपमा सम्बोधन गरिनु उपयुक्त ठहर्दछ । वर्तमान समाजको आवश्यकता, लोकतान्त्रिक मूल्य मान्यता, समावेशिता, विश्वव्यापीकरण, विश्वबन्धुत्व एवम् सूचना सञ्चार, आधुनिक विज्ञान प्रविधिलाई समय सापेक्ष रूपमा शिक्षाको विषय बनाउनु पर्ने

देखिन्छ। समग्र जातजाति, भाषाभाषी, पिछडिएको वर्गले आआफ्नो स्वपहिचान र अस्तित्व जर्गेना हेतु आफ्ना भाषा, धर्म, संस्कृति राष्ट्रको पहिचान बनाउँदै सम्पूर्ण वर्गलाई पाठ्यपुस्तकमा समेट्नु आवश्यक देखिन्छ। पाठ्यपुस्तकको सामग्रीद्वारा प्रेषित सामग्रीले विद्यार्थीहरूको विचारलाई सूक्ष्म रूपमा आकार दिन्छ। लैङ्गिक सन्दर्भमा समावेशी सामग्रीले जागरूक नागरिकको विकासमा लैजान्छ जहाँ समानतालाई मनाइन्छ र लैङ्गिक विशिष्ट सर्वोच्चतालाई निरुत्साहित गर्नुपर्छ (शाह, सन् २०१२)। पाठ्यपुस्तकको सामग्रीद्वारा प्रेषित सामग्रीले विद्यार्थीहरूको चरित्र निर्माणमा सहयोग पुग्दछ। भाषा पाठ्यपुस्तकका माध्यमबाट भाषाका विविधतापूर्ण भाषिक कुशलता अभिवृद्धि गर्न मद्दत पुग्दछ। पाठ्यपुस्तकमा वैचारिक दृष्टिले विवादरहित, समसामयिक, शुद्ध तथा औचित्यपूर्ण विषयवस्तु हुनुपर्छ। "विषयवस्तु भाषिक संरचना, शब्दभण्डार, प्रस्तुतीकरण एवम् शैलीगत नवीनता र विविधतापूर्ण हुनुका साथै शिक्षार्थीमा मौलिक र सृजनात्मक क्षमताको विकास गराउन सक्ने हुनुपर्छ। पाठ्यपुस्तकमा छनोट र स्तरणलाई समेत मध्यनजर गरिनुपर्छ" (अधिकारी, २०५९)। देशभर एउटै पाठ्यपुस्तक प्रयोग गरिने हुनाले पाठ्यपुस्तकले भाषिक, सांस्कृतिक, सामाजिक विविधतालाई समेट्न कठिनाइ हुने देखिन्छ। शिक्षार्थीको पृष्ठभूमि अनुरूपका पाठ्यसामग्री तथा अन्य पूरक सामग्रीसमेत उपलब्ध गराएमा मात्र भाषाका विविधात्मक स्वरूपप्रति विद्यार्थीहरूलाई आकृष्ट गराउन सकिन्छ। पाठ्यपुस्तक निर्माण गर्दा समावेशी सिद्धान्तलाई आधार बनाइनु पर्छ। "पाठ्यपुस्तकका लेखक, समाविष्ट पाठहरू तथा अनुच्छेदका लेखक र विभिन्न जाति, भाषी, धर्म, संस्कृतिसम्बद्ध भाषाहरूका साथै चित्रहरूलाई समेत समावेशिताका आधारमा विश्लेषण गर्दा लेखकीय दृष्टिले समावेशी गराउन खोजिए पनि पूर्णतः समावेशी बनाउन सकिएको छैन" (राई, २०७८)। पाठ्यपुस्तकलाई समावेशिताका दृष्टिले अध्ययन विश्लेषण गर्दा मूलपाठ तथा अनुच्छेदीय पाठ्यसामग्रीहरू जातीय, भाषिक धार्मिक, सांस्कृतिक, लैङ्गिक, क्षेत्रीयताका दृष्टिले तटस्थ रही पाठगत चित्रहरूको प्रयोगमा समावेशिताका दृष्टिले सन्तुलित पाठ्यपुस्तक निर्माणमा ध्यान दिनुपर्ने देखिन्छ। पाठ्यपुस्तकका विषयवस्तुलाई आवश्यकता अनुसार सरलीकृत वा गहनीकृत, सङ्क्षेपीकृत वा विस्तृतीकृत गर्नु आवश्यक हुन्छ। विषयवस्तुलाई रोचक प्रेरणादायी रूपमा प्रस्तुत गर्नुपर्ने देखिन्छ। जातीय, भाषिक, धार्मिक, सांस्कृतिक र लैङ्गिक सन्तुलन समुदायमा रहेका सम्पूर्ण वर्गलाई समेट्न सक्ने हुनुपर्छ। क्षेत्रीय सन्तुलन, विश्वव्यापीकरण, मानवअधिकार एवम् सूचना र सञ्चार प्रविधिको उपयोग गरिएको समावेशिताका दृष्टिले सन्तुलित हुनुपर्छ। पाठ्यक्रम अनुरूपता र पर्याप्त विविधिता, समावेशी अवधारणाको यथसम्भव उपयोग, दैनिक जनजीवन र समसामयिक विषयवस्तु समावेशनका साथै व्यवस्थित पाठ सङ्गठन, अभ्यासगत विविधता, भाषिक सरलता जस्ता गुणले भरिपूर्ण हुनु आवश्यक देखिन्छ। भाषा पाठ्यपुस्तकको केन्द्रीय पक्ष त्यसमा समाविष्ट पाठ्यवस्तु हो। पाठयपुस्तकको मेरुदण्डका रूपमा रहेको विषयवस्तुले विद्यार्थीहरूलाई पाठ्यक्रमको लक्ष्य प्राप्तिमा पुग्न मद्दत पुऱ्याउने हुनाले पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका रहन्छ। भाषिक सिपसँगै साहित्यक र साहित्येतर विषयका माध्यमबाट विद्यार्थीमा भाषिक शैली, सौन्दर्यको विकास गर्न मद्दत पुग्दछ। त्यसैले पाठ्यवस्तुले विद्यार्थीको उमेर, रुचि र आवश्यकता अनुरूप रही विद्यार्थीमा विधाअनुकूलका शैलीका साथै भाषिक विशिष्टता र संरचनात्मक विशिष्टताहरूलाई अँगालेको हुनुपर्छ।

भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तक निर्माणका आधारहरूलाई ध्यान दिनु जरुरी हुन्छ । "पाठ्यपुस्तक निर्माणका क्रममा शब्दभण्डारको नियन्त्रण, संरचनात्मक नियन्त्रण, विषयवस्तुको नियन्त्रण, शिक्षार्थीको रुचि, आवश्यकतालाई आधार मान्नुपर्छ" (शर्मा र पौडेल, २०६०, पृ.३८२ ) । विषयवस्तु छनोट गर्दा सरलदेखि जटिलको क्रममा उन्दै सांस्कृतिक, ऐतिहासिक भौगोलिक, प्राकृतिक, साहित्यिक वैज्ञानिक, कानुनी, प्राविधिक, साञ्चारिक, स्वास्थ्यसम्बन्धी, चिकित्साशास्त्रसम्बन्धी, पर्यावरणीय, राष्ट्रिय अन्तर्राष्ट्रिय आदि विषयलाई विद्यार्थीको बौद्धिक स्तर, रुचि, भाषिक पूर्वक्षमता, आवश्यकता तथा सुसिक्यताको मनोवैज्ञानिक अनुक्रममा बाँधेर परिचितबाट अपरिचिततर्फ निर्देशित गरेमा भाषा पाठ्यपुस्तकका मर्मबमोजिम भाषिक सिप विकास गर्न सकिने देखिन्छ । भाषा पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको तहअनुरूप विषयवस्तुको स्तरयुक्ततालाई ध्यान दिनुपर्छ । "भाषाका पाठ्यवस्तुहरूमा प्रयुक्त हुने पाठहरू तह वा कक्षाअनुरूपका स्तरयुक्त विषयवस्तुमा आधारित हुनुपर्छ" (पौडेल,२०६७, पृ.१५०) । पाठ्यपुस्तकमा साहित्यिक र साहित्येतर दुवै किसिमका विषयवस्तु समावेश गरिएका हुन्छन् । त्यस्ता विषयवस्तुलाई जटिल तथा बोझिलो बन्न नदिनका लागि जटिल सूचनालाई कम गर्दै लैजानुपर्छ भने कम महत्त्वका विषयलाई हटाउन आवश्यकता अनुसार थपोट र परिमार्जन गर्नुपर्ने देखिन्छ । विषय प्रसङ्गलाई आवश्यकता अनुसार सरलीकृत वा गहनीकृत, सङ्क्षेपीकृत वा विस्तृतीकृत गर्नु आवश्यक हुन्छ । विषयवस्तुलाई रोचक प्रेरणादायी तथा भाषिक अपेक्षा पूर्तिका लागि सक्षम तुल्याउनु पर्छ । एकैपटक नवीन विषयवस्तुको बाहुल्य भएका पाठ्यवस्तु जटिल बन्ने सक्ने भएकाले पाठ्यपुस्तकमा शिक्षार्थीको रुचिलाई ध्यान दिनुपर्ने देखिन्छ । त्यसैले पाठ्यपुस्तकमा विषयवस्तुको छनोट गर्दा तहगत स्तरयुक्ततालाई ध्यान दिनु जरुरी हुन्छ । पाठ्यपुस्तकले सूचनामूलकता र समसामयिकतालाई आत्मसात गर्नुर्दछ । पाठ्यपुस्तकहरू शैक्षिक सामग्रीका विविधतापूर्ण स्रोत हुन् (बाइरम, सन् २०००) । पाठ्यपुस्तकले पाठ्यक्रमका उद्देश्यलाई संरचनात्मक एकाइहरूमा टुक्राएर प्रस्तुत गर्छ । विद्यार्थीले उपयोग गर्ने पाठ्यपुस्तकमा राम्ररी परिष्कृत सूचना, समसामयिक विषयवस्तु, विद्यार्थीको आवश्यकताजनित सामग्री समाविष्ट नभई जटिलता उत्पन्न हुन सक्दछ । पाठ्यपुस्तकमा विद्यार्थीहरूलाई आफ्नो र परिवर्तित राष्ट्रिय संस्कृतिका बारेमा समेत सचेत गराउने विषयहरू पनि समावेश गर्नु आवश्यक देखिन्छ । भाषा पाठ्यपुस्तकको सहयोगमा भाषिक सिप सिकाइने हुनाले भाषा पाठ्यपुस्तकमा सिप सिकाइमा विशेष जोड दिने गरी विषयवस्तुको छनोट गरिएको हुन्छ । पाठयपुस्तकमा साहित्यिक तथा साहित्येतर दुवै किसिमका पाठहरू राखिनु वाञ्छनीय मानिन्छ । पाठ्यपुस्तक विद्यार्थीको क्षमता, रुचि, तह, आवश्यकता अनुसारका सामग्रीहरूलाई सङ्गठित गरी तयार गरिनु आवश्यक हुन्छ ।

नेपालमा पाठ्यपुस्तकको इतिहासलाई दृष्टिगत गर्दा वि.सं. १९४० को दशकदेखि मुद्रण युग प्रारम्भ भए पनि विद्यालयीय शिक्षाका लागि विशेषतः भाषा शिक्षणका सन्दर्भ देखा परेको जय पृथ्वीबहादुर सिंहद्वारा तयार पारिएको *अक्षराङ्क शिक्षा* (१९५८) लाई आधिकारिक मानिएको देखिन्छ । भाषा शिक्षणीयले दृष्टिले तयार पारिएको नभए पनि यस पुस्तकले नेपाली भाषा शिक्षणका सन्दर्भमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । त्यसै गरी ऐन स्रेस्ताको व्यावहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले प्रकाशित 'अदालती शिक्षा' भाग १ देखि ४ र *स्रेस्ता शिक्षा* भाग १ देखि ८ सम्मका पुस्तकले पनि नेपाली भाषा शिक्षणमा केही हदसम्म सहयोग पुऱ्याएको देखिए पनि भाषा शिक्षणको मर्मअनुरूप

भने पाइँदैन । नेपालको शिक्षामा आएको परिवर्तन स्वरूप नेपाली विषयको पठनपाठनमा परिवर्तन हुँदै जाँदा नेपालभर पठनपाठनमा एकरूपता तथा सुधार ल्याउने प्रयास गरिएको पाइन्छ । सोही क्रममा शिक्षा मन्त्रालय अन्तर्गतको शिक्षा सामग्री केन्द्रबाट *महेन्द्रमाला* भाग १ (२०२०) प्रकाशित देखिन्छ । मन्द गतिमा भइरहेको पाठ्यवस्तुको विकास २०२८ मा आउँदा भाषा पाठयपुस्तकहरू भाषशिक्षणको मर्मबमोजिम तयार पार्न खोजिएको देखिन्छ । *राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८* लागु भएपछि पाठ्यक्रम र पाठयपुस्तक लेखनमा नवीनताका साथै सिप सिकाइले प्रवेश पाउँदै आएको देखिन्छ । वि.सं. २०२८ पछि २०३८, २०५५, २०६५, २०७१, २०७८ हुँदै हालसम्म कक्षा ९ को पाठ्यपुस्तक निर्माण तथा विकासमा महत्त्वपूर्ण परिवर्तनहरू देखा परेका छन् । भाषा पाठ्यपुस्तकले विद्यार्थीमा बोध र अभिव्यक्ति कुशलताको विकास गर्छ । विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिप सहित सिर्जनशील कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शवान् चरित्र निर्माणमा पाठ्यपुस्तकले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तुमा विधागत विविधता आवश्यक मानिन्छ । वि.सं. २०२८ पूर्वका पाठ्यपुस्तकहरूमा धार्मिक, पौराणिक र ऐतिहासिक विषयवस्तु, साहित्यिक आस्वादन, पाठगत शिथिलता, तत्सम शब्दको प्राचुर्यता, भाषिक स्तरीयता, अभ्यासगत न्यूनता रहेको देखिन्छ (घिमिरे २०७६) । वि.सं. १९५८ बाट सुरु भएको नेपाली भाषा पाठ्यपुस्तक लेखनको २०२८ पूर्वको विकासलाई दृष्टिगत गर्दा व्यक्तिगत, संस्थागत र सरकारी प्रयास भएको देखिन्छ । पाठ्यपुस्तकमाा प्राप्त चित्रहरूलाई हेर्दा सन् १९९० का संस्करणहरूमा भन्दा पछिका संस्करणहरूमा लैङ्गिक र जातीय समावेशिताको अनुपातमा सन्तुलन करिब ३० वर्षको समयमा केही मात्रामा सन्तुलन देखिन्छ (रोमनी, सन् २०१९) । यसरी हेर्दा विश्व परिवेशमा वर्तमान समयमा तयार पारिएका पाठ्यपुस्तकमा समावेशितालाई उदारतापूर्वक लिइएको देखिन्छ । विषयवस्तु पाठ्यक्रम अनुरूपता र पर्याप्त विविधिता, समावेशी अवधारणाको यथासम्भव उपयोग, दैनिक जनजीवन र समसामयिक विषयवस्तु समावेशनका साथै व्यवस्थित पाठसङ्गठन, अभ्यासगत विविधता, भाषिक सरलता जस्ता पक्षहरूमा पाठ्यपुस्तकलाई बनाउने परिमार्जन गर्ने प्रयास गरिए पनि भाषिक सिपगत सन्तुलन, चित्र प्रयोग तथा बनोट पक्षमा अझ बढी ध्यान दिएमा नेपाली भाषा पाठ्यपुस्तक सबल बन्ने देखिन्छ । बदलिँदो परिवेशमा शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउने उद्देश्यले परिवर्तित तथा परिमार्जित *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६* का आधारमा नेपाली भाषा पाठ्यपुस्तक तयार गरिएको छ । माध्यमिक तह कक्षा नौका लागि तयार पारिएका *नेपाली* (२०७९) पाठ्यपुस्तकमा विषयवस्तुको समावेशितालाई अध्ययन विश्लेषण गर्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ । समानताका लागि, परिवर्तन र विकासका लागि महत्त्वपूर्ण नीति निर्माण भइरहेको वर्तमान अवस्थामा पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुहरूले विद्यार्थीहरूमा परिवर्तित समाजमा समायोजित भई भाषिक प्रयोग, सकारात्मक सोच, चिन्तनशीलताको विकास, विषयवस्तुको स्रोत, समावेशी अवधारणा, विषयवस्तुमा पाठ्यक्रमले निर्देश गरेका तथा समाजमा रहेका लैङ्गिक, भाषिक, जातिगत विविधताको सम्बोधन जस्ता विषय अध्ययनीय बन्न पुगेको छ । प्रस्तुत अध्ययनका लागि विभिन्न विद्वान्हरूद्वारा प्रस्तुत गरिएका पाठ्यपुस्तकसम्बन्धी दृष्टिकोण तथा नेपाली भाषा पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तक सम्बन्धी मान्यतालाई आत्मसात् गरी

विषयवस्तुलाई विश्लेषण गरिएको छ। कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा रहेका १६ ओटा पाठहरूको विश्लेषणका आधारका रूपमा रहेका विषयवस्तु, पाठ सङ्गठन, भाषा, चित्र, अभ्यास, बनोट पक्षमध्ये विषयवस्तुलाई स्रोतगत विविधिता, विधागत विविधता र पाठ्यवस्तु वितरण, समावेशिता, लैङ्गिकता, भाषा र विशेष क्षमता, राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश र विश्वबन्धुत्व, व्यावहारिक र जीवनपयोगी स्थानीय सिप, नैतिक इमान्दारिता र प्रेरक प्रसङ्ग, विषयवस्तुगत जटिलता, रुचिपूर्णता र सूचनामूलकता, ज्ञानविज्ञान, बौद्धिकतापूर्ण सोच र स्वावलम्बीपन, समसामयिक तथा प्रामाणिक विषयवस्तुको अद्यावधिकतालाई अध्ययनीय सूचक मानी अध्ययन विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

यस अध्ययनलाई सम्पन्न गर्न गुणात्मक ढाँचामा व्याख्यात्मक विधिलाई आधार मानेर अनुसन्धान कार्य बढाइएको छ। पाठ्यपुस्तकको विषयवस्तुमा समाविष्ट पाठहरूमा पाठ्यक्रम अनुरूपताका आधारमा विषयवस्तुको समावेशी अवस्थालाई विश्लेषण गरिएको छ। वर्तमान समयमा समावेशी अवधारणाअनुरूप निर्माण भएको पाठ्यपुस्तकको विषयवस्तुलाई अध्ययनमा समेटिएको छ। डेन्जिन र लिङ्कन (सन् २०११) का अनुसार व्याख्यात्मक प्रक्रियालाई बहुआयामिक ढङ्गबाट अध्ययन गर्ने अनुसन्धानका आयामलाई व्याख्यात्मक आयाम मानिएको छ। पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तुलाई सूक्ष्म ढङ्गले बहुआयामिक विश्लेषण गरिन्छ। प्रस्तुत अनुसन्धानमा गुणमा आधारित सामग्री सङ्कलन गरिएको छ। माध्यमिक तहको पाठ्यक्रममा आधारित रही कक्षा नौको पाठ्यपुस्तकलाई सामग्री सङ्कलनको मुख्य स्रोतका रूपमा लिइएको छ। पाठ्यपुस्तकभित्रका पाठ्यसामग्री (विषयवस्तु) लाई सामग्री पुनरावलोकनका आधारमा विश्लेषण गरिएको छ ।

## नतिजा तथा छलफल

प्रस्तुत अध्ययन नेपाली कक्षा नौ को *नेपाली* (२०७९) को विषयवस्तुमा केन्द्रित रही विषयवस्तुका विविध पक्षहरूलाई अध्ययनीय सूचकहरूका आधारमा व्याख्या विश्लेषण गरिएको छ। पाठ्यपुस्तकमा पाठ-१ मेघ बिजुली विवाह, पाठ -२ स्वाद, पाठ-३ करेसाबारी, पाठ-४ निवेदन, पाठ-५ सत्यमोहन जोशी, पाठ-६ पर्यावरण सन्तुलन, पाठ-७ कालजित र अजङ्गको राक्षसको कथा, पाठ-८ सारङ्गीमा देश, पाठ-९ कञ्चनजङ्घालाई नियाल्दा, पाठ-१० व्यक्तित्व विकासमा विद्यालयको भूमिका, पाठ-११ समय पीडा, पाठ-१२ माइकल फेराडे, पाठ-१३ कार्यालयीय चिठी, पाठ - १४ नेपाली लोकबाजा, पाठ-१५ आमाको तस्बिर, पाठ-१६ भविष्य निर्माण रहेका छन्। अध्ययनीय सूचकलाई उपशीर्षक बनाएर पाठमा समाविष्ट विषयवस्तुको विश्लेषण गरिएको छ ।

विषयवस्तुअन्तर्गत *नेपाली* (२०७९)का विषयवस्तुलाई स्रोतगत विविधिता, विधागत विविधता र पाठ्यवस्तु वितरण, समावेशिता, लैङ्गिकता, भाषा र विशेष क्षमता, राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश र विश्वबन्धुत्व, व्यावहारिक र जीवनपयोगी स्थानीय सिप, नैतिक इमान्दारिता र प्रेरक प्रसङ्ग, विषयवस्तुगत जटिलता, रुचिपूर्णता र सूचनामूलकता, ज्ञानविज्ञान, बौद्धिकतापूर्ण सोच र स्वावलम्बीपन, समसामयिक तथा प्रामाणिक विषयवस्तुको अद्यावधिकताका आधारमा प्रस्तुत पुस्तकमा समाविष्ट विषयवस्तुको विश्लेषण गरिएको छ ।

## स्रोतगत विविधता

*विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६* का आधारमा  कक्षा नौका लागि तयार पारिएको पाठ्यपुस्तक *नेपाली* (२०७९)को विषयवस्तुलाई स्रोतगत विविधताका आधारमा हेर्दा 'मेघ बिजुली विवाह' प्रकृतिपरक कवितामा प्रकृतिलाई मुख्य विषयवस्तु बनाइएको छ। 'स्वाद', सामाजिक स्रोतबाट लिइएको छ। समसामयिक जनजीवन सम्बद्ध स्रोतसन्दर्भ, सङ्घर्षशील जीवन झल्किने पाठका रूपमा देखिन्छन्। 'करेसाबारी' कृषिक्षेत्रबाट लिइएको छ। 'पर्यावरण सन्तुलन' संवाद वाणिज्य तथा पर्यावरणसँग सम्बन्धित रहेका छन्। 'सत्यमोहन जोशी' राष्ट्रिय जीवनी पाठबाट कला र संस्कृतिलाई राष्ट्रिय जीवनीसँग संयोजित गरेर समेटिएको देखिन्छ। 'कालजित र अजङ्गको राक्षसको कथा' लोककथाका रूपमा देखिन्छ। 'सारङ्गीमा देश' पाठमा देशप्रेमलाई मूल विषय बनाई देशप्रेम र राष्ट्रिय एकतालाई विषयवस्तु बनाइको छ। 'कञ्चनजङ्घालाई नियाल्दा' नियात्रामा प्राकृतिक मनोरमता, जाति, भाषागत विविधता, भौगोलिक विविधतालाई मूल विषय बनाई नेपालको भौगोलिक तथा पर्यटन क्षेत्रलाई विषयवस्तु बनाइएको छ।  'व्यक्तित्व विकासमा विद्यालयको भूमिका' वक्तृता व्यक्तित्व निर्माणसँग सम्बन्धित देखिन्छ। 'समय पीडा'  कथा सामाजिक स्रोतबाट र लिइएको देखिन्छ। 'माइकल फेराडे' अन्तर्राष्ट्रिय जीवनी वैज्ञानिक तथा अन्तर्राष्ट्रिय प्रेरक व्यक्तित्व, तथा आविष्कारकबाट लिइएको छ। व्यावहारिक लेखनका रूपमा राखिएको कार्यालयीय चिठीमा व्यावहारिक लेखनसँगै नवप्रवर्तनात्मक सिप सम्बद्ध विषयलाई लिइएको छ। 'नेपाली लोकबाजा'ले कलासंस्कृति, धर्म, चाडपर्व, जस्ता धार्मिक, सांस्कृतिक विविधतासँगै कला र सङ्गीत क्षेत्रबाट  लिइएको छ। 'आमाको तस्बिर' गद्य कवितामा श्रम र समाजबाट विषयवस्तु लिइएको छ। 'भविष्य निर्माण' कथा बालमनोवैज्ञानिक स्रोतबाट लिइएको छ। स्रोतगत विविधताका आधारमा पाठ्यक्रम अनुरूप नै विषयवस्तुको व्यवस्थापन गरेको देखिन्छ।

## विधागत विविधता र पाठ्यवस्तुको वितरण

यस पाठ्यपुस्तकका विषय विविध विधामा प्रस्तुत छन्। प्रस्तुत पाठ्यपुस्तकमा कविता, कथा, निबन्ध, जीवनी, दैनिकी, चिठीलाई विधाका रूपमा सूचीकृत गरेको छ। रूपक विधाका वक्तृता र संवादलाई पनि समेटेर जम्मा १६ ओटा पाठहरू रहेका देखिन्छन्। यसमा ३ ओटा कविता विधाका पाठहरू रहेका छन्। त्यसै गरी ४ ओटा कथा विधाका पाठहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय गरेर २ ओटा जीवनी विधाका पाठ रहेका छन्। त्यसै गरी रूपक विधाका २ ओटा पाठ र निबन्ध विधाका २ ओटा पाठ रहेका छन्। त्यसै गरी १ ओटा  नियात्रा रहेको छ भने चिठी विधाअन्तर्गत कार्यालयीय निवेदन र घरायसी चिठी छुट्याएर राखिएको छ। नुनान (सन् १९८८) ले बताए जस्तै पाठ्यपुस्तक विधागत विविधता देखिन्छ।  यस पाठ्यपुस्तकमा  सबैभन्दा बढी कथा विधाका पाठहरू रहेका छन्। कविता, निबन्ध, जीवनी, रूपक, चिठी विधामा भने सन्तुलन देखिन्छ। पाठ्यपुस्तकमा वितरित पाठ्यवस्तुहरूलाई कुन प्रस्तुत गर्ने भनेर शिक्षकलाई निर्देशन दिएको देखिदैंन तर चक्रीय स्तरण अनुसार रहेका पाठ्यवस्तु शिक्षणका क्रममा क्रियाकलापमुखी, अनुभवकेन्द्रित, उद्देश्यमूलक र रुचिकर तुल्याउन शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक, खोजकर्ताको भूमिकाको अपेक्षा गरेको देखिन्छ। हरेक पाठमा महत्त्वपूर्ण शब्दलाई फरक रङमा प्रस्तुत गरिएकाले शब्दभण्डार शिक्षणबाट

पाठ अगाडि बढाउन सकिने देखिन्छ। पाठ्यपुस्तकमा रहेका विधालाई चक्रीय क्रममा राखिएका हुनाले सुनाइ, बोलाइ, पढाइ, लेखाइ ४ ओटा भाषिक सिपलाई एकीकृत ढङ्गले शिक्षण गर्न सकिने देखिन्छ। तसर्थ यस पाठ्यपुस्तकमा पाठ्यवस्तुका वितरण सिप केन्द्रित देखिन्छ।

## समावेशिता

प्रस्तुत पाठ्यपुस्तकमा समावेशी सिद्धान्तको उपयोग अक्षरशः पालना भएको भन्ने देखिँदैन। पुस्तकमा राखिएको 'कालजित र अजङ्गको राक्षस कथा'ले पुरुषसत्तालाई प्रश्रय दिइरहेको छ। पाठ्यपुस्तकमा जाति, धर्म, भाषा आदिलाई समान महत्त्व दिन सकिएको छैन। पाठहरूमा आर्य समाजका पात्रको पर्याप्त उपस्थिति देखिनु, पुरुषप्रधान समाज देखिनुले केही पाठ छोडेर समावेशिताका दृष्टिले जनसाङ्ख्यिकी अनुपातमा सन्तुलित छ भन्ने अवस्था देखिँदैन। समावेशीकरणले सबै बालबालिकाको उपस्थिति सुनिश्चित गर्नका लागि तथा विशेष शैक्षिक आवश्यकता वा फरक क्षमता भएका बालबालिकाको प्रतिनिधित्वपूर्ण सहभागितालाई जनाउँछ ( हडकिन्सन, सन् २०११)। समावेशिताका दृष्टिले भने प्रस्तुत पाठ्यपुस्तकका पाठहरूले भाषागत, जातिगत, लिङ्गगत, फरक क्षमताका सिकारुलाई सम्बोधन हुने गरी पाठ्यसामग्रीको पूर्ण रूपमा व्यवस्था गर्न पाठ्यपुस्तक असमर्थ रहेको अनुभूत हुन्छ। वर्तमान समयको परिवर्तत समाजको सामाजिक र जातिगत विविधतालाई पूर्णरूपमा समेट्न नसक्दा बालबालिकामा एकअर्काप्रति सम्मानको भाव जागृत नहुन सक्दछ। पाठहरूमा बहुल धर्म संस्कृति, जातजाति, भाषाभाषीलाई सम्बोधन गर्न नसकिनु, भिन्न भिन्न जातिगत भिन्नता झल्किने विषयवस्तु नराखिनुले सम्पूर्ण जाति तथा वर्गप्रति न्याय गर्न नसकेको देखिन्छ। पाठ्यपुस्तकबाट कलिला बालबालिका मस्तिष्कमा सकारात्मक प्रभाव पार्न सक्ने हुनुका साथै सामाजिक सांस्कृतिक रूपमा स्वीकार गर्न सक्ने धारणा सेल्डन (सन् १९९७) को रहेको छ। प्रस्तुत पाठ्यपुस्तकमा लैङ्गिक, जातिगत समावेशिताले सम्मानजनक स्थान प्राप्त गर्न असमर्थ देखिएकाले समावेशितालाई स्थान दिनुपर्ने हुन्छ।

धार्मिक सहिष्णुता र सांस्कृतिक समावेशिताका दृष्टिले प्रस्तुत पाठ्यपुस्तकको अधिकांश पाठहरूमा आर्य समाजका विषयलाई राखिएको छ। नेपालमा बसोबास गर्ने अन्य धर्म समुदायलाई पाठमा समेट्न नसकिएको अवस्थामा धार्मिक तटस्थता आवश्यक देखिन्छ। वर्तमान समयमा भाषिक, धार्मिक पक्षहरूमा तटस्थता रहने गरी पाठहरू राखिनु पर्नेमा हिन्दु धर्ममा आधारित सांस्कृतिक विविधताको प्रधानता देखिन्छ। धार्मिक दृष्टिले तटस्थ पाठहरूको छनोट गर्नुपर्ने देखिन्छ।

## लैङ्गिकता, भाषा र विशेष क्षमता

वर्तमान समयमा परम्परागतका तुलनामा लैङ्गिक विभेदहरू कम गर्न प्रयासहरू भइरहेका छन्। नीति निर्माण कार्यमा समानता देखिए पनि प्रस्तुत पाठ्यपुस्तकमा पुरुषप्रधान समाजको वर्चस्व कायम रहने गरी पाठहरू छनोट गरिएको देखिन्छ। पाठहरूमा पुरुष र महिला पात्रको मात्र सूचना राखिएको देखिन्छ। वर्तमान समयमा अस्तित्वमा आएको यौनिक अल्पसङ्ख्यकका विषयमा पाठ्यक्रम तथा पाठयपुस्तक दुवै मौन देखिन्छन्। पाठ्यपुस्तकमा प्रयुक्त भाषा सम्प्रेषणीय हुनु वाञ्छनीय हुन्छ। प्रस्तुत पाठ्यपुस्तकमा प्रयुक्त केही पाठहरूमा तत्सम शब्द अधिक प्रयोगले गर्दा दोस्रो भाषी विद्यार्थीहरूका लागि त्यति सहज बन्न सकेको देखिँदैन। सिकारुको पूर्वपृष्ठभूमिका

आधारले बोधगम्यता निर्धारण गर्न सक्दछ। पाठ्यपुस्तकमा भिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूलाई समेत ख्याल गरी विषयवस्तुको छनोट गर्नुपर्ने देखिन्छ। तत्सम शब्दहरूको बाहुल्यताले गर्दा भारोपेली परिवारबाहेकका मातृभाषी विद्यार्थीहरूलाई विषयवस्तु कठिन हुन सक्ने देखिन्छ। विशेष तथा फरक क्षमता भएका बालबालिकालाई समाजमा सम्मान प्रदान गरिने पाठ्यक्रमले अपेक्षा गरिएको तर त्यो पनि पूरा हुन नसकेको देखिन्छ। सुसेन (२००६) र हल (सन् १९८८) ले भनेझैँ सामाजिक सांकृतिक वर्गीकरण, लैङ्गिकता र पहिचानको अन्तर पाठ्यपुस्तकले सम्बोधन गर्नुपर्छ। प्रस्तुत पाठ्यपुस्तकमा शारीरिक तथा मानसिक रूपमा विशेष क्षमताका विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने खालका विषयवस्तुहरूको कमी देखिन्छ।

## राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश र विश्वबन्धुत्व

प्रस्तुत पाठ्यपुस्तकमा मानवहरूको बिचमा एक किसिमको विश्वबन्धुत्वको भावना सम्प्रेषण गर्न सकिने पाठहरूको व्यवस्था गरिएको पाइन्छ। वर्तमान समयमा जन्मभूमि छोडेर विदेशलाई कर्मभूमि बनाउँदाको क्षणलाई एकातिर प्रस्तुत गरिएको छ। 'समय पीडा' कथामा आधुनिक परिवेशमा बाँच्न चाहने विदेशमा रमाएर अभिभावकप्रतिको दायित्वसमेत बिर्सने सन्तानको व्यवहारले पनि अन्तर्राष्ट्रिय परिवेशलाई समेटेको देखिन्छ। 'भविष्य निर्माण' कथामा युद्धले दिएको चोटलाई एक आपसका प्रतिशोध साध्ने विषय बनाउन हुँदैन भन्ने सन्देश दिन खोजेको देखिन्छ। पाठ्यपुस्तकमा रहेका 'सारङ्गीमा देश', 'आमाको तस्बिर', 'कञ्चनजङ्घालाई नियाल्दा', 'नेपाली लोकबाजा' जस्ता पाठहरूमा देशप्रेम र जातीय स्वाभिमान झल्काउने विषयहरू समावेश गरिएका छन्। ती बाहेक अन्य पाठ 'स्वाद', 'कालजित र अजङ्गको राक्षसको कथा', 'समय पीडा'मा अंशतः देशप्रेम तथा जातीय स्वाभिमानको भाव देखिन्छ।

## व्यावहारिक र जीवनपयोगी स्थानीय सिप

प्रस्तुत पाठ्यपुस्तकमा विद्यार्थीका दैनिक जीवन घरव्यवहारसँग सम्बन्धित विषयहरू 'करेसाबारी', 'पर्यावरण सन्तुलन', 'सत्यमोहन जोशी', 'निवेदन' जस्ता पाठले समेटेका देखिन्छन्। परिवर्तित विभेदमुक्त समाजको परिकल्पना गर्नु पर्नेमा कतिपय पाठहरूले विद्यार्थीहरूलाई यथास्थितिमा नै रहन प्रेरणा पुग्ने देखिन्छ। पाठ्यपुस्तकमा रहेका 'सत्यमोहन जोशी', 'माइकल फेराडे', पाठले विद्यार्थीहरूमा उत्प्रेरणा जगाउने अनुभवजन्य विषयबाट ज्ञान सिप सिक्न प्रेरित हुन सक्ने देखिन्छ। पाठ्यपुस्तकमा स्थानीय स्तरमा समेत मेल खाने खालको विषयवस्तुहरू राखिनु पर्छ भन्ने उर (सन १९९६)को धारणा बमोजिम पाठ्यपुस्तकमा 'कञ्चनजङ्घालाई नियाल्दा' नियात्रा र 'नेपाली लोकबाजा' पाठले स्थानीयतालाई समेटेको पाइन्छ। पाठ्यपुस्तकमा अन्तर्राष्ट्रिय परिवेश विश्वबन्धुत्वलाई पनि समेट्दा स्थानीय स्तरका विषयलाई पनि सँगसँगै समेट्नु पर्ने देखिन्छ। पाठ्यपुस्तकका पाठहरू व्यावहारिक सिप वा व्यवहार कौशल विकासमा उपयोग गर्न सकिने किसिमका देखिन्छन्। 'करेसाबारी', 'निवेदन', 'पर्यावरण सन्तुलन', 'व्यक्तित्व विकासमा विद्यालयको भूमिका', 'कार्यालयीय चिठी' जस्ता पाठबाट मूल रूपमा जीवनपयोगी व्यावहारिक सिप विकास गर्न सक्ने अपेक्षा गरिन्छ। 'स्वाद' कथाले थोरै आम्दानीमा पनि जिउन सक्ने व्यवहार सिकाउने देखिन्छ। 'कालजित र अजङ्गको राक्षस कथा'ले आफूसँग भएको विवेकलाई जीवनमा आइपर्ने सङ्कट

समाधानमा उपयोग गर्न प्रेरित गर्छ । यस्ता पाठहरूले पाठ्यपुस्तकलाई अग्रगामी बनाउन खोजेको देखिन्छ ।

## नैतिक इमान्दारिता र प्रेरक प्रसङ्ग

प्रस्तुत पाठ्यपुस्तकमा रहेका 'सत्यमोहन जोशी', 'माइकल फेराडे', 'भविष्य निर्माण', 'सारङ्गीमा देश', पाठहरूमा कर्मशीलता, नैतिकता, सदाचार र इमान्दारितालाई प्रस्तुत गरिएको पाइन्छ । 'स्वाद' कथामा भने माछा किन्नका लागि 'औषधि किन्न' भनेर सापटी माग्नाले विद्यार्थीलाई नैतिक आचरणबाट च्यूत हुन समेत प्रोत्साहन गर्न सक्ने देखिन्छ । यस पाठ्यपुस्तकमा जीवनीका पाठहरू मूल रूपमा प्रेरक प्रसङ्गलाई प्रस्तुत गरिएको छ । त्यस्तै विभिन्न पाठका वाक्य तथा अनुच्छेदमा रहेका प्रेरक प्रसङ्गले पाठलाई उत्कृष्ट पनि बनाएको देखिन्छ । पाठ १० 'व्यक्तित्व विकासमा विद्यालयको भूमिका' विषयक वक्तृतामा "आफूमा विश्वास राख्नुहोस् सम्पूर्ण शक्ति तपाईंमा नै छ, यसलाई बाहिर ल्याउनुहोस् ।" (पृ.१०७) जस्ता वाक्यले विद्यार्थीले आफूमा भएका क्षमताबाट स्वप्रेरित हुन सक्ने देखिएको छ । यस्ता प्रसङ्गले विद्यार्थीहरूमा सकारात्मक किसिमका ऊर्जा प्राप्त हुन सक्ने देखिन्छ ।

## विषयवस्तुगत जटिलता, रुचिपूर्णता र सूचनामूलकता

प्रस्तुत पाठयपुस्तकमा विद्यार्थीको सिकाइ स्तरलाई ध्यान दिँदै विषयगत र वस्तुगत जटिलतालाई कम गर्ने प्रयास गरिए पनि कुनै कुनै पाठमा रहेका विषयमा जटिलता पाइन्छ । धेरैजसो पाठहरूले विद्यार्थीको रुचि, आवश्यकता परिवेशलाई समेट्न सके पनि कतिपय पाठले नैतिकता र आदर्शसँगै अपत्यारिलो विषयलाई पनि लिएको हुनाले वर्तमान समयको आवश्यकतालाई समेट्न कठिनाइ हुने देखिन्छ । 'कालजित र अजङ्गको राक्षस कथा'मा प्रयुक्त विषय अपत्यारिलो लाग्छद । 'पर्यावरण सन्तुलन' (पृ.५९), 'कार्यालयीय चिठी' (पृ.१४१), 'नेपाली लोकबाजा' (पृ.१५०) जस्ता पाठका विषयवस्तुहरू दोस्रो भाषी विद्यार्थीहरूका लागि कठिन हुन सक्ने देखिन्छ । यस पाठ्यपुस्तकमा रहेका विषयवस्तु सूचनामूलकताका दृष्टिले मध्यम देखिन्छ । रस्तोगी र अन्यले विषयबाट विद्यार्थीको रुचि र आवश्यकता अनुरूप हुनुपर्ने धारणा राखेको पाइन्छ (घिमिरे, २०७६) । 'करेसाबारी', 'सत्यमोहन जोशी', 'पर्यावरण सन्तुलन', 'कञ्चनजङ्घालाई नियाल्दा', 'माइकल फेराडे', 'कार्यालयीय चिठी', 'नेपाली लोकबाजा' जस्ता पाठहरू सूचनामूलकताका दृष्टिले उपयुक्त छन् । यस्ता पाठहरूबाट विद्यार्थीहरूमा नवीन ज्ञान वा सूचना प्रसार हुन सक्छ । विषयवस्तुगत जटिलता, रुचिपूर्णता र सूचनामूलकताका दृष्टिले प्रस्तुत पाठ्यपुस्तक मध्यम किसिमको छ । यस्ता पाठहरूले भाषिक सिपका साथमा विद्यार्थीहरूमा आवश्यकीय ज्ञानसमेत प्रदान गर्न सक्ने देखिन्छ ।

## ज्ञान/ विज्ञान, बौद्धिकतापूर्ण सोच र स्वावलम्बीपन

प्रस्तुत पाठ्यपुस्तकका पर्यावरण सन्तुलन, नेपाली लोकबाजा, कार्यालयीय चिठीका केही अंशबाहेकका पाठहरू विकासात्मक बौद्धिकतालाई पालनको प्रयास गर्न खोजेको पाइन्छ पाठयपुस्तकका रहेका 'सत्यमोहन जोशी', 'सारङ्गीमा देश', 'कञ्चनजङ्घालाई नियाल्दा', 'नेपाली लोकबाजा', 'माइकल फेराडे' जस्ता पाठहरूले ज्ञान विज्ञानका विषयहरू प्रस्तुत गर्न खोजिएको छ ।

पाठ्यपुस्तकमा छनोट गरिएका विषयवस्तुहरू व्यावहारिक सिप, आधुनिक चिन्तन, कला संस्कृति आदि क्षेत्रबाट राखिनु सकारात्मक सोच विकास गर्न सक्ने देखिन्छ। यसमा राष्ट्रिय अन्तर्राष्ट्रिय जीवनी लगायत 'व्यक्तित्व विकासमा विद्यालयको भूमिका' पाठले विद्यार्थीहरूमा सकारात्मक सोच विकास गराउने देखिन्छ। स्वाद कथाले बेतनभोगी व्यक्तिको जीवनका सीमिततालाई देखाएको हुँदा विद्यार्थीहरूमा राष्ट्रसेवक कर्मचारीप्रति नकारात्मक सोच जागृत हुने र भविष्यमा राष्ट्रसेवक कर्मचारी बन्न प्रेरित हुन नसक्ने देखिन्छ। पाठ्यपुस्तकमा 'करेसाबारी', 'सत्यमोहन जोशी', 'पर्यावरण सन्तुलन', 'माइकल फेराडे', 'व्यक्तित्व विकासमा विद्यालयको भूमिका', 'आमाको तस्बिर' जस्ता पाठले श्रम आस्था र स्वावलम्बीपन विकास गराउने देखिन्छ। 'स्वाद' कथाले श्रम गर्ने स्वावलम्बी बन्न प्रेरित गरे पनि इमान्दार श्रमजीवी व्यक्तिको जीवनमा उमङ्ग नदेखिएको भान गराउने देखिन्छ। घिमिरे (२०७६) का अनुसार विषयवस्तुहरूको विकासात्मक स्तर विद्यार्थीअनुरूप हुनुपर्छ। पाठ्यपुस्तक उपभोक्तामुखी र लक्षित समूहको उमेर, सिकाइको सम्भावना आदि पूरा गर्ने खालको हुनुपर्छ  भन्ने मान्यता रहेको छ। कतिपय पाठहरूमा जीवनका सङ्घर्षका कथा र अनुभवले विद्यार्थीहरूमा हकमा कुतुहलता सिर्जना गर्न नसक्ने हुनाले सम्पूर्ण प्रकृतिका विद्यार्थीहरूमा स्वाध्ययनको लागि रुचि जागृत सक्ने सम्भावना कमै देखिन्छ। पाठ्यपुस्तकका विषयवस्तुहरू वैचारिक दृष्टिले सुसङ्गत नै देखिन्छन्। चिन्तनशील र बौद्धिक ज्ञानलाई जोड दिने खालका पाठहरू रहेको देखिन्छ।

### समसामयिक तथा प्रामाणिक विषयवस्तुको अद्यावधिकता

विवेच्य पाठ्यपुस्तकले समसामयिकतालाई बहन गर्ने  प्रयास गरेको भए पनि पूर्णतः पालन गर्न नसकेको देखिन्छ। पाठ २ 'स्वाद' कथामा वर्तमान समय सान्दर्भिक नदेखिएकाले विद्यार्थीका लागि अपत्यारिलो विषयवस्तु बन्न पुगेको देखिन्छ उदाहरण "पूरा डेढ किलो छ। तपाईंलाई १० रुपियाँ के.जी.को भाउ गरिदिन्छु १५ रुपियाँ दिनुस्, लानुस्" (पृ. १३)। बाइरम (सन् २०००) को पाठ्यपुस्तकमा प्रस्तुत गरिने विषयवस्तु समसामयिक हुनुपर्छ भन्ने दृष्टिकोणलाई आधार बनाउँदा प्रस्तुत पाठ्यपुस्तकमा रहेका पाठहरू समसामयिकतालाई निर्वाह गर्न प्रयासरत छन्। यसका अतिरिक्त स्थानीय सरकारको सहभागिताको प्रसङ्गमा वडा अध्यक्षसँग बालक्लबले सहयोग माग्ने प्रसङ्गले अद्यावधिकताको प्रमाण पनि पाठ्यपुस्तकमा रहेको देखिन्छ। 'कालजित र अजङ्गको राक्षस कथा'ले राक्षसप्रति र कालजितको व्यवहारप्रति विश्वस्त हुन नसक्ने देखिन्छ। 'समय पीडा' कथाले बालबालिकाको  समझभन्दा परका वृद्धावस्थामा पुग्न आँटेका व्यक्तिको मनोविज्ञानलाई विद्यार्थीहरूले प्रामाणिक आधिकारिक मान्न कठिन हुने देखिए पनि अन्य पाठहरू आधिकारिक नै छन्। समग्रमा पाठ्यपुस्तक पाठ्यक्रमका अपेक्षा पूरा गर्न प्रयासरत रहनुका साथै समसामयिक परिवेशमा समायोजन हुन सक्ने सिप विकास गर्ने गरी अग्रगामी बनेको देखिन्छ।

## निष्कर्ष

*विद्यालय शिक्षाको राष्ट्रिय पाठयक्रम प्रारूप, २०७६* ले राखेका अपेक्षा पूरा गर्ने उद्देश्यले तयार पारिएको माध्यमिक तह कक्षा नौको पाठ्यपुस्तकले सूचनात्मक, अभ्यासमूलक हुनाका साथै धार्मिक सहिष्णुता र सौहार्दतालाई प्रोत्साहन दिँदै लैङ्गिक समानता र अस्तित्वका साथ सम्मानपूर्ण

सहभागिताको अवसर प्रदान गर्ने किसिमको हुनुपर्ने देखिन्छ । पाठ्यपुस्तकका विषयवस्तुले संस्कृति, विज्ञान प्रविधिलाई समेट्नाका साथै परिवर्तित समयमा विश्वमा देखिएका शिक्षाका नवीनतम आयामहरूलाई समेत वहन गर्न प्रयासरत देखिन्छ। स्रोतगत विविधता, विधागत विविधता र पाठ्यवस्तुको वितरण, समावेशिता, लैङ्गिकता, भाषा र विशेष क्षमता, राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश र विश्वबन्धुत्व, व्यावहारिक र जीवनपयोगी स्थानीय सिप, नैतिक इमान्दारिता र प्रेरक प्रसङ्ग, ज्ञान विज्ञान, बौद्धिकतापूर्ण सोच र स्वावलम्बीपन, समसामयिक तथा प्रामाणिक विषयवस्तुको अद्यावधिकतालाई विषयवस्तुमा समावेश गरिएको छ। विषयवस्तुगत जटिलता, रुचिपूर्णता र सूचनामूलकताका दृष्टिले प्रस्तुत पाठ्यपुस्तक मध्यम किसिमको देखिन्छ। पाठ्यपुस्तकमा पाठ्यवस्तुको वितरण भाषिक सिप केन्द्रित देखिन्छ । व्यावहारिक सिप वा व्यवहार कौशल विकासमा विषयवस्तुलाई उपयोग गर्न सकिने किसिमका समसामयिक, अद्यावधिक देखिन्छन् । पाठ्यक्रम अनुरूपताका दृष्टिले पाठ्यपुस्तकको विश्लेषण गर्दा पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तुहरूले पाठ्यक्रमको मर्मलाई समेट्न खोजेको पाइन्छ । समावेशिताका दृष्टिले भने प्रस्तुत पाठ्यपुस्तकका पाठहरूले भाषागत, जातिगत, लिङ्गगत, फरक क्षमताका सिकारुलाई सम्बोधन हुने गरी पाठ्यसामग्रीको व्यवस्था गर्नुपर्ने देखिन्छ। जीवनका सङ्घर्षका कथा र अनुभवले विद्यार्थीहरूमा हकमा कुतुहलता सिर्जना गर्न तथा दोस्रो भाषी विद्यार्थीमा स्वाध्ययनको लागि रुचि जागृत सक्ने सम्भावना कमै देखिन्छ। पाठ्यपुस्तकमा ऐतिहासिक तथा पौराणिक सन्दर्भलाई जोड्ने किसिमका पाठहरू पनि राख्नुपर्ने देखिन्छ । यद्यपि पाठ्यपुस्तक पाठ्यक्रमका अपेक्षा पूरा गर्न प्रयासरत रहनाका साथै समसामयिक परिवेशमा समायोजन हुन सक्ने सिप विकास गर्ने गरी अग्रगामी रहेको देखिन्छ । माध्यमिक शिक्षाको पाठ्यक्रम प्रारूपले दिएको निर्देशनका आधारमा विधागत विविधतालाई समेट्दै सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादम्यता सिर्जना गर्न शिक्षकको भूमिका हुने भएकाले पाठ्यपुस्तकमा शिक्षकलाई निर्देशन समेत दिएको भए उत्कृष्टता थपिने थियो ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०५९), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, दिनेश (२०७६), *ऐतिहासिक र वर्तमान परिप्रेक्ष्यमा नेपाली भाषा पाठ्यपुस्तक,* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ।*

पाठ्यक्रम विकास केन्द्र (२०७८), *माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८* ।

पाठ्यक्रम विकास केन्द्र (२०७९), *नेपाली कक्षा ९* ।

पौडेल, माधवप्रसाद (२०६७), *भाषा पाठयक्रम, पाठ्य सामग्री तथा शिक्षण पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

राष्ट्रिय दलित आयोग (२०६१), *दलित परिप्रेक्ष्यबाट पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको पुनरावलोकन अध्ययन विश्लेषण,* अध्ययन प्रतिवेदन, पाठ्यक्रम विकास केन्द्र ।

राई, रामकुमार (२०८७), *कक्षा ९ र १० का नेपाली पाठयपुस्तकमा समावेशिता,* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

Byram, M. (2000). *Routledge encyclopedia of language teaching and learnning.* Routledge.

Denzin, N.K. & Lincoin, Y.S. (2018). Introduction: The discipline and practice of qualitative research. In N.K. Denzin & Y. S. Lincoin (eds.). *The sage handbook of qualitative research* (5th.ed.). Sage.

Hall E.J. (1988). One week for women ? The structure of inclusion of gender issues in introductory textbooks. *Teaching sociology, 16*(4), 431-442.

Hodkinson, A. (2011). Inclusion: A defining definition. *Power and Education. 3*(2).

Nunan, D. -1988_. *Principles for designi language teaching materials guidelines.* Bloomsbury.

Romney, C. -2018_. Changes in diversity and inclusion in textbook image over time. *Diversity and inclusion.* JALT.

Susanne, V. K. (2006). Intersectionality- A theoretical inspiration in the analysis of minority cultures and identities in textbooks. *eda.rechrche.parisdescartes.fr 53*(1). 61-76.

Sheldon, L.E. (1997). Evaluating ELT textbookand materials. *ELT Journal. 2*(4),237-246.

Shah, S.F. (2012). Gender inclusion: A neglected aspect of the english textbooks in Pakistan. *International Journal of Social Sciences and Education. 3*(1).

Ur, P. (1996 ). *A course in language teaching: Theory and practice.* Cambridge University Press.